# २०८१ पुस ५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सवारी साधन खरिद गर्न कर्जा प्रवाह गर्ने व्यवसायी र सामाजिक सुरक्षा कोषको लागि नेपाल राष्ट्र बैंक, सवारी साधन बिक्री गर्ने व्यवसायीको लागि यातायात व्यवस्था विभाग र इन्भेष्टमेन्ट कम्पनीको लागि नेपाल धितोपत्र बोर्डलाई सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी निकाय तोक्ने। |
| 2 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको परिमार्जित कार्यविवरण स्वीकृत गर्ने। |
| 3 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | दैलेख-कालिकोट-जुम्ला १३२ के.भी. प्रसारण लाइनको टावर निर्माणका लागि दैलेख, कालिकोट र जुम्ला जिल्लामा करिब १२ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| 4 | गृह मन्त्रालय | नेपाल प्रहरीमा जनपद समूहतर्फ रिक्त रहेको प्रहरी अतिरिक्त महानिरीक्षक पद सङ्ख्या दुईमा प्रहरी नायव महानिरीक्षक दुर्गा सिंह र प्रहरी नायव महानिरीक्षक भरत बहादुर बोहरालाई बढुवा गरी क्रमशः नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग र नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभागमा पदस्थापन गर्ने। |
| 5 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | खर्ज्याङ प्रहरी चौकी, गुल्मीलाई नेपाल सरकारको नाममा दर्ता रहेको सार्वजनिक प्रकृतिको ५ रोपनी जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 6 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | Agreement Between Government of Nepal and Government of India for the Regulation of Passenger Traffic Between the Two Countries को अवधि २४ नोभेम्बर, २०२५ सम्मका लागि नवीकरण गर्ने र सम्झौताको प्रोटोकलको अवधि सम्झौताको अवधिसँग बराबर हुनेगरी नवीकरण गर्ने। |
| 7 | वन तथा वातावरण मन्त्रालय | तुम्लिङ्गटार -सितलपाटी २२० के.भी. विद्युत प्रसारणलाईन आयोजना निर्माणको लागि संखुवासभा जिल्लाको खाँदवारी नगरपालिकामा रहेको राष्ट्रिय वनको २८.४८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 8 | वन तथा वातावरण मन्त्रालय | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र रहेका सुविधा प्राप्त बाटोको सूचीमा महाँकाल-मुलखर्क-ओखेनी गाउँ (३.५ कि.मी.) थप गर्ने र सवारी साधन र पैदल यात्रुको लागि बाटोको सूचीमा मुलखर्क-झुले-चिसापानी कायम गर्नेगरी नियमावलीको अनुसूची संशोधन गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| 9 | वन तथा वातावरण मन्त्रालय | भ्याकुरे जलविद्युत आयोजना निर्माणको लागि दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिकामा रहेको राष्ट्रिय वनको ०.९८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 10 | वन तथा वातावरण मन्त्रालय | गोदावरी बहुउद्देश्यीय रंगशाला निर्माण गर्नको लागि ललितपुर जिल्लामा रहेको राष्ट्रिय वनको ३.४५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 11 | वन तथा वातावरण मन्त्रालय | अरुण ३ जलविद्युत परियोजनाको ४०० के.भि. प्रसारण लाइन आयोजना निर्माणको लागि संखुवासभा जिल्लाको चिचिला गाउँपालिका र खाँदवारी नगरपालिका; उदयपुर जिल्लाको, सुनकोशी गाउँपालिका, तपली गाउँपालिका, उदयपुरगढी गाउँपालिका र कटारी नगरपालिका; सिरहा जिल्लाको कर्जन्हा नगरपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल जम्मा २१३.६७ हेक्टर जग्गा प्रयोग स्वीकृति दिने। |
| 12 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | देहायका स्थानीय तहलाई जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने:<br>(क) कलैया उपमहानगरपालिका, बारालाई ४ धुर<br>(ख) बूढानीलकण्ठ नगरपालिका, काठमाडौंलाई ४ रोपनी १२ आना ३ पैसा<br>(ग) बारपाक सुलिकोट गाउँपालिका, गोरखालाई ४ रोपनी ५ आना २ पैसा ३ दाम<br>(घ) पुनर्वास नगरपालिका, कञ्चनपुरलाई १५ कठ्ठा<br>(ङ) एकडारा गाउँपालिका, महोत्तरीलाई ११ कठ्ठा ५ धुर |
| 13 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | पोखरिया अस्पताल पर्सालाई ५० शय्याको अस्पतालमा स्तरोन्नति गरी मधेश प्रदेश सरकारलाई हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने। |
| 14 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कान्ति बाल अस्पताल विकास समितिको अध्यक्ष पदमा श्री श्रीराम सुवेदी, कास्कीलाई मनोनयन गर्ने। |
| 15 | साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार नियमावली, २०८१ बनाउन नेपाल धितोपत्र बोर्डलाई स्वीकृति दिने। | |
| 16 | नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेंको विधेयक, २०८१ सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। | |
| 17 | नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक, २०८१ सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। | |
| 18 | चिकित्सा शिक्षा आयोगको छैटौ बार्षिक प्रतिवेदन सङ्घीय संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिसमक्ष पेश गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई स्वीकृति दिने। | |
| 19 | धितोपत्र बजार सञ्चालनको लागि अनुमतिपत्र प्रदान गर्ने सम्बन्धमा गठित अध्ययन समितिको प्राप्त प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउने | |